गेरुवा गाउँपालिका, बर्दियाको

# क्षमता विकास योजना

त्रिवर्षीय क्षमता विकास योजना (२०७९/८० देखि २०८१/८२)







आर्थिक तथा प्राबिधिक सहयोग

**प्रदेश प्रशिक्षण प्रतिष्ठान**

लुम्विनी प्रदेश,

नेपालगंज, बाके ।

**पेश गर्ने**

**रामरत्न कन्सल्टेण्ट एण्ड बिल्डर्स प्रां लि.**

मध्यपुर ठिमी , भक्तपुर




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

।

## लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान का कार्यकारी निर्देशक गुरु प्रसाद शर्माको सन्देश



कुनैपनि निर्दिष्ट कार्य सम्पादनका लागि कुनैपनि व्यक्ति या संस्थाको लागि क्षमता विकास अपरिहार्य बिषय हो । कामलाइ गुणस्तरीय बनाउँन, स्रोत साधनको समुचित उपयोग गर्न, समयमै कार्य सम्पन्न गर्न र जनमुखि र दीगो कार्यका लागि संस्थागत रुपमा संस्थाको र सम्बन्धित काममा संलग्न हुने व्यक्तिको पर्याप्त बिषय बिज्ञता, आबश्यक क्षमता र स्पष्टता न्युनमत शर्तहरु हुन । नेपालको सन्दर्भमा राज्य पुन संरचना पश्चात केन्द्रिकृत शासन पद्वतिलाइ बिकेन्द्रित गरी प्रदेश र स्थानीय तह स्तरीय सरकारहरु निर्माण भएको कुरा जगजाहेर छ । बिकेन्द्रि शासन पद्दति संगै नवनिर्मित सरकारहरुको दायीत्व, भुमिका, जिम्मेबारी र अधिकारहरु पनि थपिएका छन् । खासगरी स्थानीय सरकारको जिम्मेबारीलाइ सहि ढंगले पुरा गर्न, अधिकारहरुलाइ न्यायोचित रुपमा प्रयोग गर्न, जनमुखि रुपमा दायीत्वहरु निर्वाह गर्न र स्थानीय सरकारको प्रभावकारी भुमिका प्रदर्शन गर्न संस्थागत रुपमा पालिकाहरुको र पालिकामा संलग्न जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित सरोकारवाला पक्षको क्षमता बिकास आजको टड्कारो आबश्यकता देखिएको छ । यसै तथ्यलाइ मनन् गर्दै लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठन नेपालगञ्ज बाँके स्थित कार्यालयले यस प्रदेश भित्रका बिभिन्न गाउँपालिका र गाउँपालिकाहरुको क्षमता विकास योजना तर्जुमा प्याकेज बनाएर कार्यान्यनमा लगेको छ ।

यो क्षमता विकास कार्यक्रमले तोकिएका पालिकाहरुको त्रिवर्षिय क्षेमता विकास योजना तर्जुमा हुने लक्ष्य लिएको छ । पालिकाहरुले यस बिषयमा बिगतमा पनि केही प्रयासहरु पक्कै गरेका हुन सक्छन् । तर व्यबस्थित रुपमा क्षमता विकास योजना निर्माण गरेर काम गर्दा संस्थागत विकासमा योगदान पुग्ने र व्यबस्थित र न्यायोचित रुपमा क्षमता विकास हुँदै जाने हामीले अपेक्षा गरेका छौ । रामरत्न कन्सल्टेन्सी तथा विल्डर्स भक्तपुरको सहजिकरणमा तयार भएको यस गेरुवा गाउँपालिका बर्दिया जिल्लाको त्रिवर्षिय क्षमता विकास योजनाले पक्कै पनि गाउँपालिकाको कामलाइ गुणस्तरीय, प्रभावकारी, जनमुखि र नतिजामुखि बनाउँने छ भन्ने मैले आशा लिएको छु । आगामि दिनमा हामी बिचको प्रभावकारी सहकार्यले आपसि हित र विकासमा क्रमश योगदान पुग्दै जानेछ । यो क्षमता विकास योजना तर्जुमा प्रकृयामा संलग्न सबै पक्षलाइ हार्दिक धन्यबाद ज्ञापन गर्दै यसको पुर्ण कार्यान्वयनका लागि हार्दिक शुभकामना समेत व्यक्त गर्दछु ।

## गेरुवा गाँउपालिका अध्यक्ष जमान सिंश केसीको मन्तव्य



क्षमता विकास योजना कार्यक्रम, प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनीको सहयोगमा आयोजना भएकोमा अत्यन्तै हर्षितका साथ म गाँउपालिका अध्यक्षको हैसियतले गेरुवा गाँउपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु, उपाध्यक्ष ज्यू ,कार्यालय प्रमुख ज्यू, शाखा अधिकृत ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, सम्पुर्ण कर्मचारी वर्गहरु लगायतका अन्य सम्बन्धित व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहन्छु । साथै यस गाँउपालिकाको क्षमता विकासलाई अत्यन्तै महत्वका साथ हेर्न र कार्यान्वयनमा ल्याउनको लागी हृदय देखिनै अनुरोध गर्न चाहन्छु ।

गेरुवा गाँउपालिका दुर्गममा रहेको र राज्यको दृष्टि पर्याप्त मात्रामा नपुगेको हुनाले हामीले क्षमता विकास जस्तो महत्वपुर्ण कार्यक्रमलाई आत्मसाथ गर्दै आगामी विकासका कार्यहरुमा यसका सिद्धान्तहरुलाई प्रयोगमा ल्याउदै हाम्रो गाँउपालिकालाई विकासको विभिन्न क्षेत्रमा अघि बढाउनको लागी मेरो तर्फबाट कुनै पनि कसुर बाँकी नराख्ने र गाँउपालिकाका अन्य सम्बन्धित व्यक्तिहरुले पनि यसमा साथ र सहयोग गरी यस गाँउपालिकालाई एउटा नमुना गाँउपालिकाको रुपमा चिनाउनको लागी र अग्रसर हुनको लागी अनुरोध गर्दछु । स्थानीय जनप्रतिनिधिहरुमा अझैपनि पर्याप्त ज्ञान, सिप, र क्षमता नभएका कारण हामीले हाम्रो गाँउपालिकालाई दिर्घकालिन दृष्टिकोण र विकास निर्माणका क्षेत्रमा फड्को मार्न सकेका छैनौं । त्यसकारण क्षमता विकास कार्ययोजनाले आगामी दिनमा गाँउपालिकामा सकारात्मक प्रभाव पार्ने र स्थानीय निकायमा सर्वसुलभ तरिकाले जनताका समस्याहरुलाई संबोधन गर्ने कुरामा विश्वस्त दिलाउन चाहन्छु ।

## गेरुवा गाँउपालिका उपाध्यक्ष हिमा कुमारी चौधरीको सन्देश




नेपालको संविधान २०७२, अनुसार स्थानीय सरकारको गठन भए लगत्तै विभिन्न पालिकाहरुमा जनताको सेवा सुविधाका लागी स्थानीय निकायको काम भएको र हाल गेरुवा गाउँपालिकामा पनि नेपालको शासकीय स्वरुपमा परिवर्तन आए संगै विभिन्न नीति, नियम, कानुन, प्रावधानहरु बनाउनु पर्ने र सोही अनुसार विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरी जनताका अपेक्षाहरु परपुर्ति गर्नु पर्ने दायित्व बनेको छ ।

नेपालमा स्थानीय तहको निर्वाचन २०७४, सम्पन्न भए पश्चात जनप्रतिनिधिहरुले विकासका कार्यक्रमहरु कार्यान्वयन गरी निर्वाचनका समयमा जनता समक्ष गरेका प्रतिबद्धताहरु पुरा गर्न तर्फ अत्यन्तै अग्रसर भएको देखिन्छ । विकास, सुशासन, प्रशासन र बित्तिय व्यवस्थापनका आदिका लागि स्थानीय स्तरको सरकार वा गाँउ / गाँउपालिकाहरुमा क्षमता विकास अपरिहार्य छ भन्ने कुरामा हामी चुकेकै हौं । तथापि स्थानीय तहका जनप्रतिनिधिहरु र अन्य सम्बन्धित निकायका अन्य व्यक्तित्वहरुले विभिन्न विकासका कार्यहरु र अन्य कार्यहरुलाई मात्र पहिलो प्राथमिकतामा राखेर गाँउपालिकाहरुको काममा बढी चासो बढाएको हुनाले क्षमता विकास योजनाको यस्ता विभिन्न कार्यक्रमहरुलाई वेवास्ता गरेको कुरा स्पष्ट रुपमा देख्न सकिन्छ यो कुरा हामी स्विकार गर्दछौं । यद्वपि अनौपचारिक रुपमा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु गर्ने प्रयास भने नभएका होइनन् । क्षमता विकास सम्बन्धि पर्याप्त ज्ञान र अवधाराणा साथै समान बुझाइको हुन नसकेका कारण पनि क्षमता विकासका कृयाकलापहरु ठोस रुपमा नभएका हुन र यस्ता कार्यक्रमको बारेमा ज्ञान नभएको पनि हुन सक्छ । यसैकारणबाट हुन सक्छ, क्षमता विकास सम्बन्धि गतिविधिहरुमा ठोस रुपमा योजना बनाउने र कार्यान्वयन गर्ने गरी कामहरु नभएको पाइन्छ ।

स्थानिय स्तरका प्रायः जनप्रतिधिहरुमा अझै पनि आफ्नो भुमिका प्रति थप ज्ञान र क्षमताको आवश्यकता रहेको महशुस गर्नु हुन्छ । जन प्रतिनिधिहरुको बुझाइमा यो कार्यक्रम समयको प्रारम्भिक घडिमा हुनु पर्ने तर हाल अन्तिम समयमा कार्यक्रम आयोजना भएको हुँदा धेरै कुरामा पछि परेको र

आफ्नो भुमिका रहुन्जेल धेरै कामहरु गर्न नसकेको महशुस व्यक्त गर्नुले पनि क्षमता विकास योजना तर्जुमा अपरिहार्य रहेको देखिन्छ ।

क्षमता विकास कार्ययोजनाले आगामी दिनमा गाँउपालिकामा सकारातमक प्रभाव पार्ने र स्थानीय निकायकमा सर्वसुलभ तरिकाले जनताका समस्याहरुलाई संबोधन गर्ने कुरामा विश्वस्त दिलाउन चाहन्छु । यो योजनाको प्रभावकारी कार्यान्वयन, नतिजामुखी प्रयास र समग्र यस गाँउपालिकाको सेवा प्रवाहको अवस्थालाई जनमुखी बनाउन गेरुवा गाँउपालिका प्रमुख ज्यू, कार्यालय प्रमुख ज्यू ,शाखा अधिकृत ज्यूहरु तथा वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, गाउ सदस्यहरु, विभिन्न राजनितिक दलहरु, गाँउपालिकाका विभिन्न शाखाका प्रमूख ज्यूहरु, विभिन्न तह र तप्कामा रहेर काम गर्ने यस गाउँपालिकाका कर्मचारीहरु, सामाजिक संघसंस्थाहरु, शुभचिन्तकहरु लगायत सबैमा म पालिका उपप्रमुखको तर्फबाट आगामी कार्यकालको सकरात्मकताको लागी र गुणस्तरिय भुमिकाको लागी हार्दिक अनुरोध गर्दछु ।

## प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रसाद गुरुङ्गको सन्देश



स्थानीय सरकारको जिम्मेवारीमा रहेर जनताको सुखदुखको साथी बन्ने हाम्रो व्यबहारले हामीलाइ साँच्चैको सेवकको अनुभुति दिलाइ रहेको छ । जनतालाइ कसरी खुशी बनाउँन सकिन्छ भन्ने हाम्रो सधैको चिन्ता हो । हाम्रो चिन्तालाइ दुर गर्न हामी अहोरात्र काममा खटिइ रहेका छौं र यसो गर्नु हाम्रो जिम्मेवारी पनि हो । हामीले यस गाउँपालकाको सेवा प्रवाहलाइ समुचित र जनमुखि बनाउँन जे जस्ता कामहरु गरेका छौं ती सबै सकारात्मक उद्धेश्यका लागि छन् । तर यो क्षमता विकास योजना निर्माण जस्तो व्यबस्थित र परिस्कृति रुपमा दस्तावेज बनाएर काम गर्दा अझ सजिलो हुने कुरामा हामी बिश्वस्त छौं । यस क्षमता विकास योजनाले जनसेवाका लागि हाम्रो क्षमता कुन बिषयमा अझ विकास गर्नु पर्छ, के कस्ता कमिकमजोरीहरु छन्, आगामि दिनमा कमिकमजोरी हुन नदिन के कस्ता प्रयासहरु आबश्यक छन्, आदि बिषयमा बिश्लेषण गरी छर्लङ्ग हुने अवसर समेत हामीललाइ मिलेको छ । बार्षिक योजना तर्जुमा कार्यमा यस क्षमता विकास योजनालाइ प्राथमिकतामा राखेर अघि बढ्न हामी प्रतिबद्ध छौं । संस्थागत विकास र व्यक्तिगत क्षमता विकास मार्फत समृद्ध गेरुवा गाउँपालिका बनाउँन हामी सबैको जोडबल आबश्यक छ । आन्तरिक मात्र होइन, यो क्षमता विकास योजना सफल पार्न बाह्य सहयोगको पनि त्यत्तिकै खाँचो छ । समग्र प्रयासहरु मार्फत हामी लक्ष हासिल गर्न दृढ प्रतिबद्ध छौं । यस प्रकृयामा सहयोग गर्ने र संलग्न हुने लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, सहजकर्ता संस्था र बिज्ञहरु, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सबै कर्मचारीहरु र सम्बन्धित सबै सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्दछु ।

## विषयवस्तु


**परिच्छेद १** ........ १०

**१.१ परिचय** ........ १०

**१.२ क्षमता विकास योजनाको लक्ष्य तथा उद्धेश्य** ........ ११

**१.३ क्षमता बिकास योजनाको औचित्य र बिधि तथा प्रकृयाहरुः** ........ १२

**१.३.१. क्षमता विकास योजनाको औचित्य** ........ १२

**१.३.२ क्षमता विकास योजना तर्जुमाको बिधि तथा प्रकृया** ........ १३

सन्दर्भ सामग्रीको अध्ययन ........ १३

अभिमुखीकरण कार्यशाला ........ १३

तथ्याङ्क संकलन तथा विश्लेषण ........ १३

क्षमता विकास योजना तर्जुमा कार्यशाला ........ १४

मस्यौदा प्रतिवेदन तयारी ........ १४

अन्तिम प्रतिवेदन पेश ........ १४

**परिच्छेद २ पालिकाको वस्तुगत विवरण** ........ १५

**२.१ गेरुवा गाँउपालिकाको संक्षिप्त परिचय :** ........ १५

**२.२ गाँउपालिकाले संस्थागत तथा मानवश्रोत क्षमता विकासमा गरिएका प्रयासहरु** ........ १६

**परिच्छेद ३ पालिकाको सवल पक्ष, समस्या, चुनौती र सम्भावना तथा अवसर** ........ १७

**३.१ अवस्था विश्लेषण** ........ १७

**३.१.१. सवल पक्ष** ........ १७

**३.१.२ कमजोर पक्ष** ........ २०

**३.१.३ अवसर** ........ २३

**३.१.४ वाधाहरु** ........ २४

**परिच्छेद ४: गेरुवा गाँउपालिकाको क्षमता विकास योजना** ........ २५

**४.१. आवश्यकता पहिचान** ........ २५

**४.१.१ शासकीय प्रवन्ध** ........ २५

**४.१.२ व्यवस्थापन** ........ २५

**४.१.३ सङ्गठनात्मक** ........ २५

**४.१.४ वित्तीय** ........ २६

**४.१.५ सूचना** ........ २६

**४.१.६ सुशासन** ........ २६

४.१.७ समन्वय र सहकार्य विकास ........ २७

४.२ क्षमता विकास योजनाका विषय र अनुमानित बजेट........ २७

४.३ गेरुवा गाँउपालिका बर्दियाको क्षमता विकास योजनाको विस्तृत विवरण........ २९

परिच्छेद ५ ........ ५०

५.१ सिमाहरु ........ ५०

५.२. क्षमता बिकास योजनाको अपेक्षित उपलव्धिहरु ........ ५१

५.३.क्षमता बिकास योजना कार्यान्वयन रणनीति र सरोकारवालाको बिश्लेषण........ ५२

५.४.क्षमता विकास योजना कार्यान्वयनका जोखिम तथा चुनौतीहरु ........ ५४

५.५. उपरोक्त चुनौतीहरुको समाधानका लागि अबलम्बन गर्न सकिने सम्भाबित रणनीतिहरु........ ५४

५.६ सुझाव तथा निष्कर्षहरु........ ५५

अनुसुचि १  क्षमता विकास योजना तर्जुमाका क्रममा प्रयोग गरिएका अनुसुचीहरु फारामहरु ........ ५७

अनुसूची – २ स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा फाराम........ ६४

अनुसूची – ३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लागि प्रयोगमा ल्याउने फारामहरू ........ ६५

अनुसूची – ४ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू ........ ६९

अनुसूची ५ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम (शाखागत रूपमा) महाशाखा/शाखाको नामः........ ६९

अनुसुचि ६ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम (विषयक्षेत्रगत रूपमा) ........ ७०

अनुसुचि ७ क्षमता विकास योजना तयारी कार्यशालामा सहभागीहरुको विवरण........ ७३

अनुसूची ८ कार्यक्रमका फोटोहरु........ ७५

अनुसूचि ९: पुनराबलोकन गरेका कागजातको सूची तथा फोटोहरु ........ ७६

अनुसूची १० क्षमता विकास योजना तर्जुमा प्रकृयाका लागि गठन गरिएको समन्वय समिति ........ ७६

अनुसची ११ कार्यक्रममा गरिएका माइन्युट तथा सहभागी विवरण ........ ७७

अनुसची १२ कार्यशालाका सहभागी विवरण........ ७९

अनुसची १३ मस्यौदा प्रतिवेदन प्रस्तुति माइन्युट ........ ८१

अनुसची १४ अन्तिम प्रतिवेदन प्रस्तुति माइन्युट ........ ८२

अनुसूची १५ मस्यौदा तथा अन्तिम प्रतिवेदन प्रस्तुति प्रस्ताव गाउँपालिकाबाट प्राप्त पत्रहरु........ ८३

# परिच्छेद १

## १.१ परिचय

जनआन्दोलन मार्फत नेपालको राजकिय स्वरुपमा परिवर्तन आएसँगै विभिन्न अन्य परिवर्तनहरुको हामीले अनुभुत गरिरहेका छौ । नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेका कतिपय दिशा निर्देशहरुलाई कार्यान्वयन गर्ने क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय, प्रदेश र स्थानीय सरकारले आफ्ना कामहरु तथा गतिविधिहरु अघि बढाउँदै आएका छन् । नेपालको शासकीय स्वरुपमा परिवर्तन आएसंगै विभिन्न नीति, नियम, कानुन, प्रावधानहरु बनाउनु पर्ने र सोही अनुसार विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरी जनताका अपेक्षाहरु परिपुर्ति गर्नु पर्ने सबै तहका सरकारहरुको दायित्व बनेको छ । विकास सम्बन्धि विभिन्न परिभाषाहरुलाई हेर्ने हो भने खासगरी जनताको ओठमा मुस्कान ल्याउनु ( जनतालाइ खुशी बनाउनु) नै हो भन्न सकिन्छ । आम जन समुदायको मुलभुत अभिप्राय के देखिन्छ भने, राज्यका हरेक तहमा सबैको समानुपातिक प्रतिनिधित्व होस, सम्मानजनक सहभागिता, आत्मा सम्मान, विधिको शासन, पारदर्शिता, गुणस्तरिय विकास नागरिकहरुका अपेक्षा छन् । यी सबै कुराहरु परिपुर्ति गर्न सर्वप्रथमत कार्यान्वयन कर्ताकै क्षमता विकास अपरिहार्य हुन्छ । राज्यको पुनसंरचना पश्चात केन्द्रिकृत राज्य प्रणालीका कतिपय जनताका सरोकारका बिषयहरुलाई स्थानीय तह सम्म विकेन्द्रिकृत गरिएको छ ।

नेपालको संविधान, विद्यमान स्थानिय सरकार सञ्चालन ऐन,२०७४ तथा नियमावली, नेपाल सरकारले समय समयमा तर्जुमा गरेका नीति, नियम र  कार्यविधी समेतले विभिन्न पालिकाहरुलाई स्थानिय जन उत्तरदायी संस्थाको रुपमा विकास गर्ने आधारभूमी प्रदान गरेको छ । ती सबै कुराहरुको कार्यान्वयन गर्न नीति नियम बनाउनु पर्ने बाध्यता त छदैछ, त्यस बिषयको बुझाइ, बुझाइमा एकरुपता, ती बिषयहरुको व्याख्या र कार्यान्वयन चुनौतिपुर्ण बनेको सर्वत्र महशुस गरिएको छ । यसका लागि गाँउ / गाँउपालिकाहरुको क्षमता विकास अपरिहार्य आवश्यकता ठानिएको कुरा हामी सबैमा आत्माबोध भएकै कुरा हो । यसै तथ्यलाइ हृदयमगम गर्दै लुम्बिनी प्रदेश अन्तर्गतको प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश भित्रका विभिन्न पालिकाहरुमा क्षमता विकास योजना तर्जुमा कार्यक्रम अघि सारेको छ । प्रतिष्ठानबाट प्राप्त कार्यविवरणलाई अक्षरस पालना गर्दै उपरोक्त पालिकाहरुको क्षमता विकास योजना तर्जुमा गर्ने कार्य सम्पन्न गरी यो प्रतिबेदन तयार गरिएको छ । सम्बन्धित पालिकाहरुको त्रिबर्षीय क्षमता विकास योजना समेत यसै साथ प्रस्तुत गरिएको छ ।

जनआन्दोलन मार्फत नेपालको राजकीय स्वरुपमा परिवर्त आए संगै विभिन्न अन्य परिवर्तनहरुको हामीले अनुभुत गरिरहेका छौ । नेपालको संबिधान २०७२ ले निर्दिष्ट गरेका कतिपय दिशानिर्देशहरुलाई कार्यान्वयन गर्ने क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय, प्रदेश र स्थानीय सरकारहरुले आफ्ना कामहरु तथा गतिबिधिहरु अघि बढाउँदै आएका छन् । नेपालको शासकीय स्वरुपमा परिवर्तन आए संगै विभिन्न नीति, नियम, कानुन, प्रावधानहरु बनाउनु पर्ने र सोही अनुसार बिभिन्न कार्यक्रमहरु कार्यान्वयन गरी जनताका अपेक्षाहरु पपरपुर्ति गर्नु पर्ने सबै तहका सरकारहरुको दायित्व बनेको छ । विकास सम्बन्धि विभिन्न परिभाषाहरुलाइ हेर्ने हो भने खासगरी जनताको ओठमा मुस्कान ल्याउँनु ( जनतालाइ खुशी बनाउँनु) नै हो भन्न सकिन्छ । आम जनमसमुदायको मुलभुत अभिप्राय के देखिन्छ भने राज्यका हरेक तहमा सबैको समानुपातिक प्रतिनिधिध्व होस, सम्मानजनक सहभागिता, आत्मा सम्मान, विधिको शासन, पारदर्शिता, गुणस्तरीय विकास नागरिकहरुका अपेक्षा छन् । यी सबै कुराहरु परिपुर्ति गर्न सर्बप्रथमत कार्यान्वयन कर्ताकै क्षमता विकास अपरिहार्य हुन्छ । राज्यको पुनसंरचना पश्चात केन्द्रिकृत राज्य प्रणालीका कतिपय जनताका सरोकारका बिषयहरुलाइ स्थानीय तह सम्म बिकेन्द्रिकृत गरिएको छ । ती सबै कुराहरुको कार्यान्वयन गर्न नीति नियम बनाउनु पर्ने बाध्यता त छदैछ, त्यस बिषयको बुझाइ, बुझाइमा एकरुपता, ती बिषयहरुको व्याख्या र कार्यान्वयन चुनौतिपुर्ण बनेको सर्वत्र महशुस गरिएको छ । यसका लागि पालिकाहरुको क्षमता विकास अपरिहार्य आवश्यकता ठानिएको कुरा हामी सबैमा आत्माबोध भएकै कुरा हो । यसै तथ्यलाइ हृदयमगम गर्दै लुम्बिनी प्रदेश अन्तर्गतको प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश भित्रका विभिन्न पालिकाहरुमा क्षमता विकास योजना तर्जुमा कार्यक्रम अघि सारेको छ । प्रतिष्ठानबाट प्राप्त कार्यविवरणलाइ अक्षरस पालना गर्दै गेरुवा गाँउपालिकाको क्षमता विकास योजना तर्जुमा गर्ने कार्य सम्पन्न गरी यो प्रतिबेदन तयार गरिएको छ ।गेरुवा गाँउपालिकाको त्रिबर्षीय (२०७९/८० देखि २०८१/८२ सम्मको) क्षमता विकास योजना समेत यसै साथ प्रस्तुत गरिएको छ ।

### १.२ क्षमता विकास योजनाको लक्ष्य तथा उद्धेश्य

लक्ष्य

- नगरपालिका र यसका सहयोगी निकायहरूको संस्थागत तथा मानव संशाधन क्षमता अभिवृद्धि मार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउन योगदान गर्नु ।

- आर्थिक व्यवस्थापन सम्बन्धि जोखिम र कार्य प्रणाली सम्बधिका कामहरुको समस्याको सहजै न्यूनिकरण गर्ने

उद्धेश्य

- स्थानीय तहहरुलाई क्षमता विकास योजनाको महत्व र प्रकृयाका बारेमा छलफल तथा अभिमुखीकरण सञ्चालन गर्ने ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको मार्गदर्शनका आधारमा सहभागितामुलक विधि तथा प्रकृयाहरु प्रयोग गरी स्थानीय तहहरुको क्षमता आवश्यकता पहिचान गर्ने ।
- सहभागितामुलक विधि र प्रकृया प्रयोग गरी पालिकाको ३ वर्षे क्षमता विकास योजना (संस्थागत क्षमता विकास र मानव संसाधन क्षमता विकास) तयार गर्ने ।

## १.३ क्षमता बिकास योजनाको औचित्य र बिधि तथा प्रकृयाहरुः

### १.३.१. क्षमता विकास योजनाको औचित्य

क्षमता विकासले संघीय संरचना अनुसार वनेका तीन तहका सरकार संचालन गर्न वनेका साझा र एकल अधिकार, कानुन तथा नीति, स्थानीय सरकारले वनाउने आवधिक योजना, लैसासस लगायतका अरु रणनीतिको कार्यान्वयन, कर्मचारी संगठनको संगठनात्मक विकास, कार्यपालिकाको संस्थागत विकासका लागि योगदान गर्नेछ । विद्यमान राजनीतिक व्यवस्थामा सहकार्य, समन्वय र सहअस्थित्वको मुलभूत सिद्धान्तमा चलेको छ । स्थानीय तहको यस क्षमता विकास योजनाले उपरोक्त मूलभुत शिद्धान्तलाइ कसरी मजबुत वनाउन योगदान गर्छ भन्ने बिषयमा बिस्तृत बिश्लेषण गर्ने, योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन रणनीति तर्जुमा गर्दै समग्र नगरपालिकाको सेवा प्रवाहलाइ चुस्त, दुरुस्त, पारदर्शी, जनमुखि र परिणाममुखि बनाउँन उपयुक्त आधार तयार गर्न पनि आबश्यक छ ।

क्षमता विकास लामो समय सम्म निरन्तर चलिरहने एउटा प्रक्रिया हो, जसको माध्यमले व्यक्ति, संगठन र समाजले आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष वकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । यसर्थ, क्षमता विकास शब्दले व्यक्तिको **ज्ञान, सिप र धारणा**मासकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि भन्ने बुझाउँदछ । जनताको नजिकमा रहेको सरकार भनेकै स्थानीय सरकारहो जसलाइ जनताले दैनिकै जस्तो देख्न, भेट्न, छुन, चलाउँन, बोलाउँन सक्दछन् । नजिकै भएकै कारण कयौ सपनाहरु, समस्याहरु, आकांक्षाहरु, चाहानाहरु, बाहानाहरु सबै स्थानीय सरकारले सुन्नु पर्ने, जवाफ दिनु पर्ने, समाधान खोज्नु पर्ने आदि कार्य गर्नु पर्ने हुन्छ । यी यावत कार्य गर्न त सभन्दा पहिला आफ्नो क्षमता सुनिश्चित हुनु पर्दछ । यसै तथ्यलाइ मनन् गरी स्थानीय सरकारको क्षमता बिकास योजना तर्जुमा गर्न बान्छनीय ठानेर यो कार्य अघि बढाइएको छ ।

## १.३.२ क्षमता विकास योजना तर्जुमाको बिधि तथा प्रकृया

नगरपालीकाको क्षमता बिकास योजना तर्जुमाका लागि निम्न बिधि तथा प्रकृयाहरु अबलम्बन गरिएको छ

सन्दर्भ सामग्रीको अध्ययन

क्षमता विकास योजना तर्जुमाका लागि नगरपालिका संग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी पालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको छ । यसका अतिरिक्त पालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, पालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, संघ तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका क्षमता विकास योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरिएको छ ।

अभिमुखीकरण कार्यशाला

स्थानीय तहहरुलाई क्षमता विकास योजना तर्जुमाको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल गर्न यस नगरपालिकामा २०७८।१०।०५ का दिन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । पालिका कार्यालयको सहयोगमा पालिका स्थित बहुसरोकारवालाहरुसग योजना निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर पालिकाका सरोकारवाला (जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरकृया गरियो र सामुहिक रुपमा प्राप्त तथ्य र तथ्यांकको बिश्लेषण गरियो । उक्त कार्यक्रममा पालिकाहरुका निर्वाचित राजनीतिक प्रतिनिधि तथा शाखागत कर्मचारीको समेत सहभागिता रहेको छ ।

तथ्याङ्क संकलन तथा विश्लेषण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको दिग्दर्शनमा उल्लिखित क्षमता विकास संग सम्वन्धित विषय वस्तुका आधारमा प्रश्नावली तयार पारी तथ्याङ्क संकलन गरिएको छ । पालिकाहरुको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गर्नुका साथै नगरपालिकाका बिभिन्न शाखाहरुले सम्पादन गरेका कार्यहरुको विवरण संकलनका लागि लक्षित समुह छलफल मार्फत पनि तथ्यांक संकलन गरिएको छ । तथ्यमा आधारित योजनाले मात्र पालिकाहरुको सोंच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा पालिकाको वस्तुस्थिती विश्लेषण गरिएको छ । उपरोक्त प्राप्त तथ्य र तथ्याङ्कका आधारमा साथै अभिमुखिकरण कार्यक्रमबाट प्राप्त सुझाव र बस्तुगन बिश्लेषणका आधारमा यो क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको छ ।

क्षमता विकास योजना तर्जुमा कार्यशाला

मधुवन नगरपालिकाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी तयार पारिएको खाकाका आधारमा पालिका स्तरीय कार्याशाला आयोजना गरियो । नगर प्रमूख श्री गणेशबहादुर क्षेत्रीको अध्यक्षतामा २०७८।१०।०५ का दिन सम्पन्न भएको अभिमुखिकरणमा पालिकाका निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिकाका शाखा प्रमूखहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरु समेत गरी करीव २५ जनाको सहभागिता रहेको थियो । कार्याशालाको पहिलो सेसनमा पालिकाहरुको बिद्यमान संगठनात्मक तथा मानवसंसाधन व्यबस्थापन, भौतिक पुर्वधार तथा सेवासुबिधा, नीति नियम तथा कानुनहरु र बित्तीय व्यबस्थापन लगायतका विषयमा प्रस्तुतीकरण, बिश्लेषण साथै विषगत छलफल तथा अबस्था (SWOT Analysis) गरिएको थियो भने दोस्रो सेसनमा योजनाको सोच, लक्ष्य उद्देश्य रणनीति कार्यनीति तथा क्षमता विकासका लागि आगामी ३ वर्षमा पालिकाले गर्ने प्रमुख कार्यक्रमहरुको खाका तयार गरियो । त्यसैगरी तेस्रो सेसनमा समग्र योजनाका लागि आगामी ३ वर्षमा आवश्यक हुने वजेट प्रक्षेपणको खाका तयार गरियो ।

मस्यौदा प्रतिवेदन तयारी

बिभिन्न चरका अध्ययन, बिश्लेषण, तथ्य तथा तथ्यांको आधारमा प्राप्त नतिजा र योजना विकास कार्याशालाबाट प्राप्त सुचनाहरुलाई समेटी यस गुलरीया  नगरपालिकाको क्षमता विकास योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरियो । मस्यौदा प्रतिवेदनलाई पुनः पालिकामा प्रस्तुत गरी सुझावहरु संकलन गरी प्राप्त सुझावहरुलाइ समेत समाबेश गरी क्षमता बिकास योजनालाइ अन्तिम रुप दिइएको छ । यसरी तयार पारिएको क्षमता बिकास योजना गुलरीया  नगरपालिका र प्रदेश प्रशिक्षण प्रतिष्ठानलाइ समेत उपलव्ध हुने छ ।

अन्तिम प्रतिवेदन पेश

मस्यौदा प्रतिवदेनमा प्राप्त सुझावको सम्वोधन गरी पालिकामा अन्तिम प्रतिवेदन पेश गरिने छ ।

# परिच्छेद २ पालिकाको वस्तुगत विवरण

## २.१ गेरुवा गाँउपालिकाको संक्षिप्त परिचय :

गेरुवा गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुट्टिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ, यो कर्णाली नदीको दुई तटको बीचमा अवस्थित छ । लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको दुर्गम क्षेत्रमा अवस्थित यो गाउँपालिका अलौकिक ठाउँ हो । त्यसैले, दृश्यमा यो एक द्वीप जस्तै देखिन्छ ।

कर्णालीको रमणिय तटिय क्षेत्रमा अवस्थित यो गेरुवा गाँउपालिका भौगोलिक विविधताले भरिएको छ भने यस गाँउपालिकालाई चारैतिरबाट नदीनाला र वनजंगलले ढाकेको छ । त्यसकारण पनि यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । विभिन्न जलचरहरुको प्रवल संभावना रहेको यस गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु, हात्ति, मृघ आदि) अवलोकन गर्न पाईन्छ । यहाँका वासिन्दाहरु मध्ये ९५% जनसमुदाय कृषि कर्ममा लागेका छन् भने यहाँको मुख्य कृषि व्यवसाय धान, मकै, गहुँ, तोरी तथा पशुपालन रहेको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा पुनसंरचना गरी बनाइएको पालिकाहरु मध्ये एक गाँउपालिका हो, गेरुवा गाँउपालिका । साविकका पाताभार, गोला, पशुपतिगाउ र मनाउ गा.वि.स.मिलेर बनेको छ यस गाँउपालिकाको क्षेत्रफल ७८ दशमलव ४१ किलोमिटर रहेको छ । यस गाँउपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा कैलाली जिल्ला र पश्चिम र दक्षिणमा राजापुर गाँउ /गाँउपालिकाहरु रहेका छन् ।

गेरुवा गाँउपालिका, थारु वाहुल्यता रहेको र साँस्कृतिक चेतनाले भरिपुर्ण भएको एक विविधता झल्किने गाँउपालिका हो । यहाँका वासिन्दाहरुले माघी पर्व विषेश रुपमा मनाउने गरेका छन् । वर्तमान अवस्थामा यस गाँउपालिकाले कला, संस्कृति तथा विभिन्न धार्मिक सम्पदाहरुको संरक्षण, संम्बर्धन तथा प्रवर्धनमा विषेश जोड दिएको छ । भौतिक संरचनाहरुको सवालमा यस गाँउपालिकामा आवस्यक संरचनाहरु निर्माणाधिन रहेको र अन्य विकासका कामहरुपनि निरन्तर गतिमा भईरहेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवालमा भने सोचेजति परिवर्तन गर्न नसकेको र प्रयास जारी रहेको छ ।

हालको अवस्थमा छोरी बचाउ अभियान  र सामाजिक समावेशीकरणका लागी जनचेतना मुलक कार्यक्रमहरु अगाडी बढाईएको छ र यस्ता अभियानलाई गम्भिता पुर्वक हेरिएको छ ।

### २.२ गाँउपालिकाले संस्थागत तथा मानवश्रोत क्षमता विकासमा गरिएका प्रयासहरु

स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरु विकासका कार्यक्रमहरु कार्यान्वयन गरी निर्वाचनका समयमा जनता सामु गरेका प्रतिवद्वता पुरा गर्न तर्फ बढी अग्रसर भएको देखिन्छ । विकास, सुशासन, प्रशासन र वित्तिय व्यबस्थापनका लागि पालिकाहरुको क्षमता विकास अपरिहार्य थियो । तथापी निर्वाचन पश्चात स्थानिय तहका जनप्रतिनिधिहरु विकासका कार्यहरुलाई मात्र बढी प्राथमिकतामा राखेर गाँउपालिकाहरुको काम अगाडी बढाएको हुनाले क्षमता विकास योजनाको कार्यक्रमहरु ओजेलमा परेको कुरा गाँउपालिकामा स्पष्ट रुपमा देख्न सकिन्छ । यद्धपि अनौपचारिक रुपमा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु गर्ने प्रयास भने नभएका होइनन् । क्षमता विकास सम्बन्धि पर्याप्त ज्ञान र अबधाराणा साथै समान बुझाइको कमि कमजोरीका कारण पनि क्षमता विकासका कृयाकलापहरु ठोस रुपमा नभएका हुन सक्छन् । यसैकारणबाट हुन सक्छ, क्षमता विकास सम्बन्धि गतिबिधिहरुमा ठोस रुपमा योजना बनाउने र कार्यान्वयन गर्ने गरी कामहरु नभएको पाइन्छ । स्थानीय स्तरका अधिकांश जनप्रतिधिहरुमा अझै पनि आफ्नो भुमिका  प्रति थप ज्ञान र क्षमता आवश्यक रहेको  महशुस गर्नु हुन्छ । जनप्रतिनिधिहरुको बुझाइमा यो कार्यक्रम धेरै पहलानै हुनु पर्ने, हाल अन्तिम समयमा कार्यक्रम आयोजना भएको हुँदा धेरै कुरा गुमाएको जस्तो लागेको महशुस व्यक्त गर्नुले पनि क्षमता विकास योजना तर्जुमा अपरिहार्य रहेको देखिन्छ।

## परिच्छेद ३ पालिकाको सवल पक्ष, समस्या, चुनौती र सम्भावना तथा अवसर

गाँउपालिकाको क्षमता विकास योजना तर्जुमाका क्रममा विभिन्न विधि र प्रकृयाहरु अवलम्बन गरी सुचनाहरु संकलन र बिश्लेषण गर्ने कार्य गरियो । त्यसैगरी गाँउपालिकाले क्षमता विकासका क्षेत्रमा गरेका प्रयासहरु र बिद्यमान क्षमता पहिचान गर्ने कार्य गरियो । क्षमता विकासका प्रयासहरु र भए गरेका काममा कार्यवाही आदिको आधारमा वर्तमानमा गाँउपालिकाको क्षमता कस्तो छ र के कस्ता सवल पक्षहरु छन्, के कुराको अभाव देखिन्छ, साथै क्षमता विकास योजना तर्जुमा गर्दा के कस्ता बिषयहरुलाई प्राथमिकतामा राख्नु पर्छ ? आदि बिषयमा बृहत छलफल गरी अभिमुखिकरण कार्यशालामा ाँउपालिकाको अवस्था विश्लेषण (SWOT Analysis) गरिएको छ । अवस्था विश्लेषणलाई संक्षिप्त रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

### ३.१ अवस्था विश्लेषण

#### ३.१.१. सवल पक्ष

| | |
|---|---|
| भौतिक पुर्वाधार | • गाँउपालिकामा जनप्रतिनिधिहरु, कर्मचारीहरुका लागि भवन, कोठा पर्याप्त रहेको, । त्यसैगरी तालिम संचालन गर्न बैठक हल तथा सभा संचालन गर्न पर्याप्त फर्निचर, उपकरण र स्रोत साधन सहतिको हल विद्यमान छ ।<br>• विपद तथा प्रकोप व्यवस्थापन र भौतिक पुर्बाधार मर्मत सम्भारका लागि आबश्यक ज्यावल तथा उपकरणहरु उपलव्ध रहेको । |
| ऐन, नियम, विधि र प्रणाली | • स्थानीय सभा व्यवस्थापन सम्बन्धि कार्यविधि बनाई सोही अनुसार सभा तथा कार्यपालिका बैठकका साथै अन्य बैठकहरु संचालन गर्ने प्रयास गरिएको ।<br>• कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रियाका लागि स्पष्ट कार्यविधि तयार भएको, सोही बमोजिम बैठक संचालन र निर्णयहरु गर्ने गरिएको ।<br>• न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन प्रकृया, विधि स्पष्ट रहेको र सोही बमोजिम न्याय प्रकृया सम्पादन हुने गरेको ।<br>• आवश्यकता अनुसार समिति, उपसमितिहरू गठन भएका छन् । समिति उपसमितीहरुको कार्यविवरण तयार गरी सोही बमोजिम परिचालन परिचालन |

| | |
|---|---|
| | गर्ने गरिएको ।<br>● आन्तरिक संचार<br>● कर्मचारीहरूको आचार संहिता<br>● कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन<br>● गाँउपालिकाको कार्यसम्पादनको विषयमा कसैलाई गुनासो व्यक्त गर्नु परेमा न्यायीक समिति मार्फत आफ्ना गुनासाहरु राख्ने, उजुरी दर्ता गर्ने र न्ययीक निरुपणका लागि आफ्ना मागहरु स्वतन्त्र पुर्वक राख्न सक्ने गरी प्रबन्ध मिलाइएको छ ।<br>● गाँउ कार्यपालिका स्वयंले पनि गुनासाहरु सुन्ने गर्दछ ।<br>● पारदर्शीताका लागि गाँउपालिकाका लागि आफ्ना गतिविधिहरु राजपत्रमा प्रकाशन गर्नुका साथै सुचना पाटिमा समेत टास गर्ने गरेको छ ।<br>● सामाजिक परिक्षण, सार्वजनिक सुनावाई, सार्वजनिक परिक्षण लगायत नागरिक अभिमत मार्फत पनि पारदर्शीता कायम गर्ने प्रवन्धलाइ प्रभावकारी बनाइएको छ ।<br>● गाँउपालिकाको स्पष्ट अनुगमन तथा मुल्यांकन प्रणाली छ । सोही अनुसार अनुगमन तथा मुल्यांकन गर्ने गरिएको छ ।<br>● अनुगमन र मुल्यांकनको नतिजा अनुसार गुण र दोषको आधारमा दण्ड र पुरस्कारको व्यवस्था समेतको अभ्यास गरिएको छ ।<br>● विषय क्षेत्रगत योजना तथा नीति<br>● समावेशी विकास नीति (लैङ्गिक, बालबालिका, सिमान्तकृत वर्ग, गरीबमुखी विकास)<br>● वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति |

| | |
|---|---|
| | • वार्षिक योजना तर्जुमा<br>• वार्षिक योजना कार्यान्वयन<br>• मर्मत सम्भार व्यवस्थापन<br>• अनुगमन तथा मूल्याङ्कन प्रणाली |
| मानव संशाधन व्यवस्थापन र क्षमता विकास | • कर्मचारी संगठन तथा कार्यविभाजन कार्यक्षेत्रका आधारमा र आवश्यकता अनुसार संघ र प्रदेश सरकार र सरकारका मातहतका निकायहरुसंग समन्वय प्रभावकारी रहेको ।<br>• गाँउपालिका भित्रको अन्तर शाखा समन्वय र सहकार्य नियमित र प्रभावकारी रहेको ।<br>• विभिन्न विकास साझेदार, विषयगत निकायहरु लगायत निजि क्षेत्रसंगको सहकार्यको लागि उचित वातावरण तयार गरी सोही बमोजिम कार्यगत साझेदारीता समेत गर्ने गरिएको छ ।<br>• आवश्यकता अनुसार कार्य सम्पादन गर्न सक्ने मानव स्रोत बिद्यमान रहेको ।<br>• विभिन्न बिषयगत, क्षत्रगत एवं प्राविधिक तथा अप्राविधिक कर्मचारीहरु कार्यरत रहेको ।<br>• अनुगमन तथा मुल्यांकन, अभिलेख व्यबस्थापन, समन्वय सहकार्य र विकास साझेदारीता समेतलाई सम्पादन गर्न सक्ने क्षमता भएका कर्मचारीहरु विद्यमान छन् । |
| बित्तिय व्यवस्थापन | • बजेट र आम्दानी तथा खर्च प्रणालीलाई नितिगत रुपमा व्यवस्थित गरिएको ।<br>• खरिद प्रणालीलाई नियम अनुसार र व्यवस्थित रुपमा गर्ने गरेको ।<br>• प्रतिवेदन प्रणाली अद्यावधिक छ । |

| | |
|---|---|
| | • बित्तिय व्यवस्थापन र राजश्व सम्बन्धि कार्य स्पष्ट र पारदर्शी छ ।<br>• सुत्रका आधारमा बजेट व्यवथापन छ । |

**३.१.२ कमजोर पक्ष**

| | |
|---|---|
| भौतिक पुर्वाधार | • सबै वडा कार्यालयहरुमा आधारभुत रुपमा भौतिक पुर्वाधार, आवश्यक फर्निचर, उपकरणहरु र मानवस्रोत व्यबस्थापन नभएको ।<br>• वडा कार्यालय व्यवस्थापनमा एकरुपता र सबै वडाबाट सन्तोषजनक सेवा प्रवाह गर्न सक्ने स्थिति नरहेको ।<br>• आजको आवश्यकता अनुसार अत्याधुनिक फर्निचरहरु र उपकरणहरु हुनु पर्ने तर त्यस्तो नभएको ।<br>• फर्निचर र उपकरणको नियमित मर्मत संम्भारको अभावमा भौतिक सेवा सुविधामा कमि महशुस हुँदै गएको ।<br>• यातायातका सामानको अपर्याप्ताका कारण कार्य सम्पादनमा कठिनाइ आएको । |
| ऐन, नियम, बिधि र प्रणाली | • स्थानीय सभा व्यवस्थापन कार्यविधी भएपनि पुर्णरुपमा पालना हुन नसकेको ।<br>• कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया तर्जुमा गरिएता पनि सो अनुसार बैठक संचालन र निर्णय लिने नगरिएको ।<br>• दूरदृष्टि र रणनीतिक (आवधिक वा एकीकृत) गाउ विकास योजना बन्न नसकेको<br>• गाँउपालिकाको अधिकार क्षेत्र भित्र रहेका स्थानीय ऐन कानून तर्जुमा र कार्यान्वयन गर्न नसकेको समावेशी विकास नीति ( |

| | |
|---|---|
| | लैङ्गिक, बालवालिका, सिमान्तकृत वर्ग, गरीबमुखी विकास) अवधारणा अनुसार काम हुन नसकेको ।<br>● वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति नहुनु र विकासलाई एकिकृत ढाँचामा लैजान नसक्नु ।<br>● वार्षिक योजना तर्जुमा अनुसार कार्यान्वयन पक्ष अपेक्षाकृत पारदर्शी नतिजामुखी र वस्तुगत बन्न नसक्नु ।<br>● मर्मत सम्भारका लागि ठोस रणनीति र त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।<br>● अनुगमन तथा मूल्याङ्कन प्रणाली भएता पनि यसलाई कामको लागि काममा मात्र सिमिति गरिएको ।<br>● आन्तरिक संचार प्रभावकारी बन्न नसक्नु, जसका कारण डुब्लिकेशन हुने, व्यय भार बढ्ने र कामको गुणस्तरमा प्रश्नहरु उठ्ने गरेको पाइन्छ ।<br>● कर्मचारीहरूको आचार संहिताको पुर्णरुपमा पालनाको अभाव छ । |
| मानव संशाधन व्यवस्थापन र क्षमता विकास | ● न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन प्रावधान भएता पनि क्षमताका कारण कार्यसम्पादनमा कठिनाइ आएको ।<br>● समिति, उपसमितिहरूको परिचालन, तिनिहरुको दर्ता, नविकरण र नियमनमा ठोस कार्य हुन नसकेको ।<br>● जेसी रणनीति समयमै बन्न नसकेको र बनेका रणनीतिलाइ पनि प्रभावकारी कार्यान्वयन गर्न नसकेको ।<br>● सहकार्य, समन्वय र साझेदारिता मार्फत विकास कार्यक्रम जुन मात्रामा ल्याउँन सक्नु पर्ने हो त्यस्तो नदेखिएको ।<br>● पारदर्शिता तथा गुनासो सुन्ने प्रणाली स्थापित भएता पनि |

| | |
|---|---|
| | जनगुनासाहरु निराकरण हुन नसकेको । <br>● अनुगमन तथा मूल्यांकनलाइ सहभागितामुलक, बैज्ञानिक र व्यबस्थित बनाउँन नसकिएको । <br>● संस्थागत मूल्य तथा मान्यता अनुसार जनताको सेवा र सुबिधा बस्तुगत रुपमा सुनिश्चित नभएको । <br>● कर्मचारी संगठन तथा कार्यविभाजन भए पनि सबै कर्मचारीहरु कार्य विवरणमा स्पष्ट नहुनु र जिम्मेबारी वोध गर्न नसक्नु । <br>● कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन केवल प्रकृया पुरा गर्ने रुपमा मात्र रहेको । <br>● गाँउपालिकाको अधिकार क्षेत्र भित्र रहेको पुरा गर्न सकिने कर्मचारी दरबन्दी पुरा नभएको हुँदा कामको चाप र लोड सिमिति कर्मचारीमा पर्न गएको । <br>● कुनै शाखामा बढी र कुनै शाखामा कम कर्मचारी भएबाट कार्य सम्पादन सन्तुलन कायम हुन नसकेको । <br>● न्ययिक सम्पादनका लागि आवश्यकता अनुसार कर्मचारी नहुनु । <br>● भएका कार्मचारीहरुको कार्य सम्मपादन क्षमता विकासका लागि केही पहल तथा कार्ययोजना नहुनु । <br>● अभिलेख व्यवस्थापन बैज्ञानिक र रणनीतिक रुपमा हुन नसक्नु । <br>● आजको एक्काइसौ शताब्दिमा पनि सूचना प्रविधिको उपयोगमा खासै दक्षता नहुनु र  क्षमता नराख्नु, यस प्रति दिलचस्पी नहुनु । <br>● सुचना व्यवस्थापन र अभिलेख प्रणाली सिमिति दायरा सम्म मात्र पहुँच हुनु । <br>● जनसहभागितालाई नाम मात्रको जनसहभागिताको रुपमा सिमिति पारिदिनु । |

| | |
|---|---|
| | • पारदर्शीता तथा सूचना प्रवाह प्रति जनमुखी प्रभावकारी बनाउँन नसक्नु ।<br>• जवाफदेहिता र गुनासो व्यवस्थापन निश्चित घेराभित्र सीमित रहनु ।<br>• गैसस तथा समुदायमा आधारित संस्थाहरूसंगको समन्वय र उनीहरुको परिचालन पर्याप्त नहुनु ।<br>• निजी क्षेत्रको परिचालन मार्फत जनतालाई सेवा र टेवा पुग्न सक्ने काममा त्यति प्रभावकारिता नदेखिनु ।<br>• अन्तर स्थानीय सरकार समन्वय केवल अनौपचारिक रहेको ।<br>• अन्तर महाशाखा वा शाखा समन्वय र सहकार्य अनौपचारिक रहेको । |
| वित्तिय व्यवस्थापन | • वित्तिय व्यवस्थापन र खर्च प्रणाली पारदर्शी र व्यवस्थित हुन नसकेको ।<br>• लक्ष अनुसार राजश्व संकलन र उपभोग नहुनु । |

### ३.१.३ अवसर

- संघ र प्रदेश सरकार सहयोगीका रुपमा रहेको ।
- विकास साझेदार र नीजि क्षेत्र सहकार्यको लागि उपलव्ध हुने संम्भावना ।
- बजारमा रहेका मानव स्रोतलाई परिचालन गर्न सकिने ।
- प्राकृतिक स्रोतको परिचालन गर्न सकिने ।

### ३.१.४ वाधाहरु

- दलहरु बिचको खिचलो, खुट्टा तान्ने प्रवृति
- राम्रो काम र योजनालाई पनि कार्यन्वयनमा व्यवधान उत्पन्न गर्नु ।
- आर्थिक स्रोतको अभाव ,
- भएका श्रोत साधनको बेवास्ता गर्नु या सही तरिकालो उपयोग हुन नसक्नु ।
- सम्बन्धित निकायले पहल नगर्नु ।

# परिच्छेद ४: गेरुवा गाँउपालिकाको क्षमता विकास योजना

## ४.१. आवश्यकता पहिचान

### ४.१.१ शासकीय प्रवन्ध

- गाउँपालिकामा तर्जुमा भएका ऐन, नियम, कार्यविधि आदिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण,
- कार्य विभाजन नियमावलीको तर्जुमा र सोको कार्यान्वयन
- विशेषतः कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरुलाई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्बन्धी अभिमूखिकरणको आवश्यकता रहेको ।

### ४.१.२ व्यवस्थापन

- आवधिक योजना तर्जुमा र नियमित अद्यावधिक
- समन्वय, प्रतिवेदन आदिमा बढी ज्ञान/सीप आवश्यक
- समन्वय सीप, सफल अभ्यास-क्षेत्रको भ्रमण
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीप र सकारात्मक धारणा बनाउनु पर्ने
- समुदायस्तरमा विकास निर्माणसम्बन्धी अभिमुखीकरण/जानकारी
- उपभोक्ता समितिलाई अभिमुखीकरण/जानकारी, स्थानीय आचार संहितामा कडाइ गर्ने
- विभिन्न शाखाका कर्मचारी र वडा सचिवहरूलाई अनुगमन, नीतिगत ज्ञान र प्रबिधि सम्बन्धि तालिम ।

### ४.१.३ सङ्गठनात्मक

- नियमित बैठक, परिचालन, स्थलगत भ्रमण/ अध्ययनको व्यवस्था
- केही नीति/कार्यविधिहरू अझै थप बन्नु जरुरी (जस्तैः योजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमुखीकरण
- कम्प्युटर, सफ्टवेयर, सामान्य सर्वेक्षणका अति जरुरी सामग्रीहरू जस्तै M GIS, GPS, Totalstation, Abney-level
- विभिन्न प्रकारका तालिमहरू चाहिने (पेशागत तालिमहरु)
- कर्मचारीहरूमा उत्प्रेरणा, अनुगमन
- स्थानीय श्रोतको पहिचान र परिचालन
- सेवाग्राह्यीको लागि आधारभूत सुविधाहरु जस्तैः विश्राम कक्ष, निशुल्क वाईफाई, सफा खानेपानी, सहायता कक्ष, स्वास्थ्य सेवा आदि ब्यवस्था गर्न ध्यान दिनु पर्ने ।

- प्राविधिक कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चितता सम्बन्धी तालिमको आवश्यकता रहेको ।

### ४.१.४ वित्तीय

- राजस्व प्रक्षेपण समेत गर्ने सफ्टवेयरको व्यवस्था
- राजस्व सुधार कार्ययोजनाको हरेक वर्ष पुनरावलोकन गर्ने
- बजेटिङ् तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद प्रक्रिया पूर्ण परिपालन भए-नभएको अनुगमन, लेखा परीक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापनबारे थप तालिम र अभिमुखीकरण चाहिने
- वित्तिय प्रतिवेदन तयारी सीप विकास र पूर्ण अभिमुखीकरण, वित्तिय अनुशासनका लागि अनुगमन ।

### ४.१.५ सूचना

- सूचना केन्द्रको स्थापना र व्यवस्थापन
- भू-सूचना प्रणालीका लागि आवश्यक नक्सा र सूचना गाउ पालिकाबाट हुन सक्ने नीति र थप तालिम आवश्यक
- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य-विवरण अझ स्पष्ट पार्नु पर्ने र कार्य बाँडफाँट,
- इ-पुस्तकालयको स्थापना र व्यवस्थापन, अभिमुखीकरण तालिम, इ-पञ्जीकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्युटर सफ्टवेयरको प्रभावकारी कार्यान्वयन हुनुपर्ने र रिक्त स्थानमा दरबन्दी पूरा हुनु पर्ने ।

### ४.१.६ सुशासन

- जेसी नीति तथा रणनीति तर्जुमा र प्रभावकारी कार्यान्वयन
- सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ सञ्चालन सम्बन्धी रोष्टर तयार, तालिम आयोजना र जनशक्ति परिचालन ।
- स्थानीय सञ्चारकर्मी/ एफ.एम.हरूको बढी परिचालन, आचार-संहिता र नीति-नियमको पूर्ण पालनाको अनुगमन/मूल्याङ्कन/ सुपरीवेक्षण
- उचित संयन्त्र र नीति-नियम बनाई पुरस्कार,दण्ड/जरिवाना कडाइका साथ लागू गर्ने, गुनासो व्यवस्थापन तालिम (कर्मचारी)
- वेबसाइट अपडेट गर्ने तालिम , सञ्चार (मिडिया) परिचालन/प्रेस रिलिज गर्ने तालिम ।

### ४.१.७ समन्वय र सहकार्य विकास

- सामुदायिक संस्थाहरूलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास, प्रस्तावना लेखन, श्रेस्ता प्रणाली आदिबारे थप तालिम, आचार-संहिता निर्माण र पूर्ण परिचालन, सचेतना शिक्षा (नागरिक)
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने, नीति नियम र व्यवसायिक आचारसंहिताको पूर्ण पालना
- बजेट बाँडफाँटमा पारदर्शिता र पछाडि परेको वर्गलाई प्राथमिकता दिने व्यवस्थाका लागि वकालत गर्ने,
- सामूहिक अनुगमन संयन्त्र र तालिका तयार पारी कम्तिमा वर्षको दुईपटक वा एउटा मात्र भए पनि स्थलगत अनुगमन गर्ने, जस्तैः गाउँपालिका  मातहतका निकायहरू, वन, सडक, सिंचाइ, प्रशासन, प्रहरी आदिको संयुक्त सहभागितामा ।

## ४.२ क्षमता विकास योजनाका विषय र अनुमानित बजेट

गाँउपलिकाको क्षमता विकासका लागि ज्ञान, सीप, धारणा, मानवस्रोत र आर्थिक व्यवस्थापन आवश्यक पर्दछ । यस गाँउपालिकाको विद्यमान क्षमता विश्लेषण गर्दै विद्यमान सवल पक्षहरुलाइ अझ सुदृढ गर्न र कमजोर पक्षहरुलाइ न्युनिकरण गरी सवल पक्षमा रुपान्तरण गर्न क्षमता विकास कार्य योजना तर्जुमा गरिएको छ । यसका लागि आवश्यक पर्ने स्रोत साधानको समेत पहिचान गरिएको छ । यो पहिचान नितान्त अनुमान मात्र हो । गाँउपालिकाले प्राप्त गर्ने अनुदान, राजश्व, विकास साझेदारीता मार्फत प्राप्त स्रोतको आधारमा कार्यान्वयन गरिने र यसलाइ यथार्थपरक गर्न सकिने छ । तलको तालिकामा बिषयगत तथा क्षेत्रगत योजनाको बजेट सारांश प्रस्तुत गरिएको छ ।

| विषय क्षेत्र | अनुमानित वजेट | कुल अनुमानित वजेटको क्षेत्रगत प्रतिशत |
|---|---|---|
| १. मानवीय, आर्थिक, सामाजिक, पुजिगत | ५९00000 | २१.२८ |
| २. संगठन, प्रशासन र सेवा व्यबस्थापन | ७८५0000 | २८.३१ |
| ३. बित्तिय तथा आर्थिक व्यबस्थापन | २८३0000 | १0.२१ |
| ४. सेवा प्रवाह | १७५0000 | ६.३१ |
| ५. न्यायीक कार्य सम्पादन | १६00000 | ५.७७ |

| | | |
|---|---|---|
| ६. भौतिक पुर्वाधार | ४२००००० | १५.१५ |
| ७. सामाजिक समाबेशीकरण | २२००००० | ७.९३ |
| ८. वातावरण संरक्षण तथा बिपत व्यबस्थापन | १२००००० | ४.३३ |
| ९. सहकार्य र समन्वय | २००००० | ०.७२ |
| जम्मा | २७७३००००० | १०० |



## ४.३ गेरुवा गाँउपालिका बर्दियाको क्षमता विकास योजनाको विस्तृत विवरण

**(प्राथमिकताका आधारमा क्षमता विकासका क्षेत्रहरु**

प्राप्त सुचना, तथ्यांक र सुझावहरुलाई विश्लेषण गरी गाँउपालिकामा आयोजना गरिएको अभिमुखिकरण कार्याशालाबाट यो क्षमता विकास योजना तयार पारिएको छ। खासगरी कुन बिषयमा क्षमता अभिबृद्धि गर्दा गाँउपालिकाले प्रवाह गर्ने सेवा जन अपेक्षालाई पुर्ति गर्नमा सहयोगी बन्ने छ, त्यस बिषयमा बढी ध्यान केन्द्रित गरिएको छ । यो त्रीबर्षीय क्षमता विकास योजनालाई समय सापेक्षा र व्यवहारिक बनाउँन गाँउपालिकाले परिमार्जन गर्न सक्नेछ । गेरुवा गाँउपालिकााको बिस्तृत त्रिबर्षीय क्षमता विकास योजना, समयावधि र अनुमानित बजेट साथै आर्थिक स्रोतको अनुमान समेत तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्षमता विकास कृयाकलापहरु | इकाई | परिणाम | मुख्य जिम्मेवारी | समयावधि | | | अनुमानित बजेट | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | आन्तरिक | बाह्य |
| १. मानवीय, आर्थिक, सामाजिक, पुजिगत | | | | | | | १८००००० | २०००००० | २१००००० | ४१००००० | १८००००० |
| १.१. स्थानीय तहले निर्माण गर्नु पर्ने सबै कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गर्ने | वटा | १२५ | गाँउपालिकाा | | | | १०००००० | १०००००० | १०००००० | १५००००० | १५००००० |
| १.२. कार्यपालिका संचालन समिति | वटा | ५ | गाँउपालिकाा | | | | | ५००००० | | ५००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तथा उपसमिति एवं बिषयगत समितिहरुको ५ वटा कार्यबिधि बनाइ लागु गर्ने | | | | | | | | | | | |
| १.३. पालिकाका सबै ऐन, कानुन, कार्यबिधिहरु सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीहरुलाइ अनुशिक्षण कार्यक्रम संचालन गर्ने | पटक | १ | गाँउपालिकाा | | | | | | ५००००० | ५००००० | |
| १.४. गाँउपालिकााले अनुगमन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, आलेप सम्वन्धि गरी ५ वटा निर्देशिका तयार | पटक | ५ | गाँउपालिकाा | | | | ३००००० | ३००००० | ३००००० | ६००००० | ३००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्ने तथा सुशासन वुलेटिन प्रत्येक बर्ष प्रकाशन गर्ने | | | | | | | | | | | |
| १.५. हरेक पटक सम्पन्न अगनुगमन प्रतिबेदनलाइ वेवसाइटमा राख्ने | पटक | १२ | सुचना शाखा | | | | | | | | |
| १.६. बार्षिक रुपमा २ पटक सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्ने | पटक | ६ | योजना शाखा | | | | १००००० | १००००० | १००००० | ३००००० | |
| १.७.गुनासो सुनुवाइ र व्यबस्थापनका लागि डिजिटलाइट व्यबस्था गर्ने | पटक | १ | गाँउपालिकाा | | | | ३००००० | | | ३००००० | |
| १.८. स्थानीय ऐन नियमको ५० वटा एकिकृत संग्रह तयार गरी स्थानीयकरण गर्ने | पटक | १ | गाँउपालिका | | | | | | १००००० | १००००० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साथै सबै कानुनुहरुलाइ वेवसाइटमा राख्ने | | | | | | | | | | | | |
| १.९. लैससास रणनीति तर्जुमा गरी लागु गर्ने साथै पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुका लाग बार्षिक एक पटक अनुशिक्षण गर्ने । त्यसैगरी थर्डपार्टीको सहजिकरणमा बार्षिक १ पटक जेसी परिक्षण गर्ने | पटक | १ | गाँउपालिका | | | | १००००० | १००००० | १००००० | ३००००० | |
| २. संगठन, प्रशासन र सेवा व्यबस्थापन | | | | | | | ११००००० | ४४५०००० | १९५०००० | ३९००००० | ३६००००० |
| २.१. यो क्षमता विकास योजनालाइ गाउ कार्यपालिका | पटक | १ | गाँउपालिका | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैठकबाट पारित गर्ने | | | | | | | | | | | |
| २.२. गाँउपालिकााको मानव संसाधन विकास सम्वन्धि अल्पकालीन तथा दीर्घकालीन नीति वनाउन | पटक | १ | गाँउपालिका | | | | ५००००० | | | ५००००० | |
| २.३.पदाधिकारी तथा कर्मचारीहरुलाई कार्यसम्पादन सम्झौता अभिमुखिकरण द्वारा सुसुचित गर्ने | | | गाँउपालिका | | | | ५०००० | | | ५०००० | |
| २.४. गाँउपालिकाामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा पुरस्कार | | | गाँउपालिका | | | | ५०००० | ५०००० | ५०००० | १५०००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र दण्डको व्यबस्था गर्ने | | | | | | | | | | | |
| २.५ गाँउपालिकाााका सबै कर्मचारीहरुलाइ, नेतृत्व विकास, सम्बन्धित कानुनी ज्ञान, पत्रकारिता र प्रतिबेदन लेखन तालिम उपलव्ध गराउँने | | | गाँउपालिका | | | | | १३००००० | | ८००००० | ५००००० |
| २.६ एफ.एम.रेडियो सञ्चालक तथा रेडियो कार्यक्रम सञ्चालन गर्न चाहाने कम्तिमा ५० जनालाई अभिमुखिकरण तालिम संचालन | | | गाँउपालिका | | | | | ६००००० | | | ६००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्ने | | | | | | | | | | | |
| २.७. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी कम्तिमा १ दिने अभिमुखिकरण तालिम संचालन गर्ने | | | गाँउपालिका | | | | | १०००००० | | ५००००० | ५००००० |
| २.८ गाँउपालिकााको डिजिटल पार्श्वचित्र तयार गर्ने | | | गाँउपालिका | | | | | | १५००००० | | १५००००० |
| २.९. गाँउपालिकााको ५ बर्षे आबधिक योजना तयार गर्ने | | | गाँउपालिका | | | | | १५००००० | | १५००००० | |
| २.१०.बेरोजगारी समस्या हल गर्नको लागि ठोस रणनीति तयार गरी लागु | | | गाँउपालिका | | | | | | ४००००० | ४००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्ने | | | | | | | | | | | |
| २.११. सबै कर्मचारी र जनप्रतिनिधिहरुका लाग दीगो विकास लक्ष सम्बन्धि गोष्ठि आयोजना गर्ने | | | गाँउपालिका | | | | ५००००० | | | | ५००००० |
| ३. बित्तिय तथा आर्थिक व्यबस्थापन | | | | | | | ८००००० | १५५०००० | ६००००० | २९५०००० | |
| ३.१. राजस्व परिचालन योजना, व्यवसाय कर सम्वन्धि नीति, राजस्व सम्वन्धि सामाजिक अभियान सञ्चालन गरी आन्तरिक आयमा वृद्धि गर्ने | | | गाँउपालिका | | | | | ३००००० | | ३००००० | |
| ३.२.गाँउपालिकाको आम्दानी र खर्चको | | | गाँउपालिका | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण प्रत्येक चौमासिक वेवसाइट मार्फत सार्वजनिक गर्ने | | | | | | | | | | | |
| ३.३. सरोकारवालाहरु वीच राजस्व सम्वन्धि नीतिको वारेमा समीक्षा गर्ने साथै कम्प्युटर विलिङ्ग प्रणाली स्थापना गर्ने | | | गाँउपालिका | | | | | १००००० | | १००००० | |
| ३.४. राजस्व तथा श्रोतको उपयोग सम्वन्धि नीतिको विषयमा राजस्व परामर्श समितिलाई तालिम संचालन गर्ने | | | गाँउपालिका | | | | ४००००० | | | ४००००० | |
| ३.५. आर्थिक नीतिको वारेमा कर्मचारी तथा | | | गाँउपालिका | | | | ३००००० | | | ३००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पदाधिकारीहरुलाई अभिमुखिकरण | | | | | | | | | | | |
| ३.६. वजेट तर्जुमा तथा आय व्यय प्रक्षेपणको विषयमा आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई अभिमुखिकरण | | | गाँउपालिका | | | | १००००० | | | १००००० | |
| ३.७. लेखा तथा अन्य शाखाका कर्मचारीहरुलाई सूचना प्रविधिको वारेमा तालिम | | | गाँउपालिका | | | | | १५०००० | | १५०००० | |
| ३.८. राजस्व असुली साक्षरता कार्यकम संचालन गर्ने । | | | गाँउपालिका | | | | | ३००००० | | ३००००० | |
| ३.९. सवै वडामा सम्पत्ति कर सम्वन्धि अनुशिक्षण कार्यकम | | | गाँउपालिका | | | | | ३००००० | | ३००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१०. व्यवसाय दर्ता/ अद्यावधिक सम्वन्धि घुम्ति शिविर सञ्चालन गर्ने साथै दर्तावाला व्यबशायहरुको डिजिटलाइट प्रबिधिमा अभिलेख अद्याबधिक गर्ने | | | गाँउपालिका | | | | | ४००००० | | ४००००० | |
| ३.११ कच्ची तथा पक्की घरहरुको अभिलेख तयार गर्ने । | | | गाँउपालिका | | | | | | ३००००० | ३००००० | |
| ३.१२ दिर्घकालिन आयआर्जन संभाव्य क्षेत्रहरुको पहिचान गर्ने । | | | गाँउपालिका | | | | | | ३००००० | ३००००० | |
| ४. सेवा प्रवाह | | | | | | | ९००००० | ३००००० | ७००००० | १९०००० | |
| ४.१. प्रभावकारी घटना दर्ता अभियान, सार्वजनिक सेवा | | | गाँउपालिका | | | | ३००००० | | | ३००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रवाह, समतामुखी सेवा प्रवाह रणनीति तयार गर्ने । | | | | | | | | | | | |
| ४.२ सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग वृद्धि गर्ने । | | | गाँउपालिका | | | | १००००० | १००००० | १००००० | ३००००० | |
| ४.३. शिक्षाको गुणस्तर सुधारका लागि कार्यमूलक अनुसन्धान गर्ने । | | | गाँउपालिका | | | | | | ५००००० | ५००००० | |
| ४.४. आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धि नीति, कानुन, मापदण्ड, योजनाको निर्माण सम्वन्धि विषयमा स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण गर्ने । | | | गाँउपालिका | | | | | | १००००० | १००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.५. रेडियो कार्यक्रम सञ्चालन गर्ने । | | | गाँउपालिका | | | | ५0000 | ५0000 | ५0000 | १५0000 | |
| ४.६. जलवायु परिवर्तन सम्वन्धि तालिम | | | गाँउपालिका | | | | | | ४00000 | | ४00000 |
| ५. न्यायीक कार्य सम्पादन | | | | | | | १00000 | 0 | १५00000 | ६00000 | १000000 |
| ५.१. न्याय सम्पादन सम्बन्धि तालिम आयोजना गर्ने, मध्यस्थकर्ताको सुचि तयार गर्ने साथै मेलमेलिम केन्द्र गठन गर्ने | | | गाँउपालिका | | | | १00000 | | | १00000 | |
| ५.२. न्यायिक समिति तथा मेलमिलाप केन्द्रको प्रतिवेदन प्रणालीलाई सुदृढ वनाउने । | | | गाँउपालिका | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.३. लैङ्गिक उत्तरदायी कार्यक्रम तयार गरी पाइलटिङ्ग गर्ने । | | | गाँउपालिकाा | | | | | | १००००००० | | १००००००० |
| ५.४ सामाजिक सुरक्षा शाखामा कार्यरत कर्मचारीहरुका लागि कम्प्युटर तथा आई.टि.सम्वन्धि तालिम आयोजना गर्ने । | | | गाँउपालिका | | | | | | ५००००० | ५००००० | |
| ६. भौतिक पुर्वाधार | | | | | | | ५०००० | १५०००० | ४२००००० | २४००००० | २०००००० |
| ६.१ सडक यातायात गुरु योजनाको समीक्षा गरी यसलाई पुनर्लेखन गरिने छ । | | | गाँउपालिका | | | | | १००००० | | १००००० | |
| ६.२ शहरीकरण तथा वस्ती विकास | | | गाँउपालिका | | | | ५०००० | | | ५०००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्वन्धि नीति, कानुन तथा मापदण्ड वनाउने । | | | | | | | | | | | |
| ६.३ साना जलविद्युत आयोजना, नविकरणीय उर्जा सम्वन्धि नीति, कानून तथा मापदण्ड तयार गर्ने | | | गाँउपालिका | | | | | | ५०००० | ५०००० | |
| ६.४ सिंचाई सम्वन्धि नेपाल सरकारको नीतिलाई सरोकारवालाहरु वीच अभिमुखिकरण | | | गाँउपालिका | | | | | | १००००० | १००००० | |
| ६.५ पालिका तथा वडास्तरमा खानेपानी, सरसफाई समन्वय समिति गठन गरी तालिम दिने | | | गाँउपालिका | | | | | | ५००००० | ५००००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.६. सार्वजनिक नीजि साझेदारी नीति तयार गर्ने । | | | गाँउपालिका | | | | | | ५०००० | ५०००० | |
| ६.७. सरोकारवालाहरुलाई खानेपानी सम्वन्धि नीतिको वारेमा अनुशिक्षण गर्ने, खानेपानीको मापदण्ड तयार गर्ने । खानेपानीको छुट्टै शाखा वा व्यक्ति तोक्ने । | | | गाँउपालिका | | | | | | १५००००० | १५००००० | |
| ६.८. फोहरमैला सम्वन्धि नीति निर्माण गर्ने । | | | गाँउपालिका | | | | | ५०००० | | ५०००० | |
| ६.९ भौतिक पूर्वाधार शाखाका लागि चाहिने अत्यावश्यक उपकरणहरु खरिद गर्ने । | | | गाँउपालिका | | | | | | २०००००० | | २०००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. सामाजिक समाबेशीकरण | | | | | | | | १३००००० | २२००००० | २२००००० | १३००००० |
| ७.१ सामाजिक मनोपरामर्शकर्ता भर्ना गर्ने । | | | गाँउपालिका | | | | | १३००००० | | | १३००००० |
| ७.२ वालगृह, पुनर्स्थापना केन्द्र, शिशु स्याहार केन्द्र तथा वालविकास केन्द्र सम्वन्धि नीति वनाई सरोकारवालाहरुलाई जानकारी दिन | | | गाँउपालिका | | | | | | ५००००० | ५००००० | |
| ७.३वालवालिका तथा महिलाहरुका लागि आपतकालीन उद्धार कोष स्थापना गर्ने । | | | गाँउपालिका | | | | | | १०००००० | १०००००० | |
| ७.४ अपाङ्गहरुको वडास्तरीय समितिहरुलाई प्रशंशनीय सोचको | | | गाँउपालिका | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वारेमा तालिम | | | | | | | | | | | |
| ७.५ पुनर्स्थापना केन्द्र गठन गर्ने । | | | गाँउपालिका | | | | | | ३००००० | ३००००० | |
| ७.६ वैइजिङ्ग घोषणा पत्र, दीगो विकास तथा वालअधिकार महासन्धी, अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको वारेमा गाँउपालिकाा कर्मचारी, पदाधिकारीहरुलाई सचेतना निर्माण गर्ने । | | | गाँउपालिका | | | | | | ४००००० | ४००००० | |
